# कृषि सहुलियतपूर्ण कर्जा (ब्याज अनुदान) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८२।०१।०6

**प्रस्तावनाः** कृषि क्षेत्रमा व्यावसायिक रुपमा उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण तथा कृषि उपजको मूल्य अभिवृद्धिका लागि बैंक तथा वित्तीय संस्था मार्फत कृषि कर्जा परिचालन गरी प्रदेश सरकारले कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराई कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक भएकोले,

प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि सहुलियतपूर्ण कर्जा (ब्याज अनुदान) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा सूचना प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "उत्पादन" भन्नाले कृषि उपज र उत्पादन गर्दा आवश्यक पर्ने उत्पादन सामग्रीका अतिरिक्त उत्पादन सम्बद्ध पूर्वाधार र यन्त्र उपकरण समेत सम्झनु पर्छ।

(ख) "उद्यमी" भन्नाले आर्थिक रुपले सक्रिय प्राकृतिक व्यक्ति वा त्यस्ता व्यक्तिबाट सञ्चालित प्रचलित नियम अनुसार दर्ता भएका फर्म, कम्पनी, सहकारी संस्था सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७६ सम्झनु पर्छ।

(घ) "ऋणी" भन्नाले बैंक तथा वित्तीय संस्थाबाट कृषि प्रयोजनको लागि ऋण प्राप्त गर्ने व्याक्ति वा त्यस्ता व्यक्तिबाट सञ्चालित प्रचलित नियम अनुसार दर्ता भएका फर्म, कम्पनी, सहकारी संस्था लाई सम्झनु पर्छ।

(ङ) "कृषि उपज" भन्नाले खाद्यान्न, नगदे बाली, तरकारी, फलफूल, मसला बाली, चिया, कफी, सुपारी, च्याउ, मह, पुष्प, पशुपन्छीजन्य र मत्स्यजन्य पदार्थलाई सम्झनु पर्छ।

(च) "कृषि कर्जा" भन्नाले नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाले कृषि क्षेत्रमा प्रवाह गर्ने कर्जा सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गत रहेका कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(ञ) "प्रशोधन" भन्नाले कृषि उपज प्रशोधन सम्बद्ध पूर्वाधार र यन्त्र उपकरण समेत सम्झनु पर्छ।

(ट) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंक सम्झनु पर्छ।

(ठ) "बजार प्रवर्द्धन" भन्नाले कृषि उपजको ब्रान्डिङ्ग, प्याकेजिङ्ग र ठुला बजारमा बिक्री केन्द्र स्थापना लगायतको कार्य सम्झनु पर्छ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(ड) "ब्याजदर" भन्नाले बैंक तथा वित्तीय संस्थाले लगानी गरेको ऋणीबाट लिने ब्याजदर सम्झनु पर्छ।

(ढ) "भण्डारण" भन्नाले कृषि उपजको भण्डारण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले प्रदेशमा प्राथमिक कृषि उपज खरिद गरी भण्डारण गर्ने कार्यलाई समेत जनाउँछ।

(ण) "मूल्य अभिवृद्धि" भन्नाले कृषि उपजको प्रशोधन, ग्रेडिङ्ग, ब्रान्डिङ्ग, प्याकेजिङ्ग, भण्डारण तथा स्वरुप परिवर्तन गर्ने प्रक्रिया सम्झनु पर्छ।

(त) "वित्तीय संस्था" भन्नाले प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न ईजाजत प्राप्त विकास बैंक, सहकारी बैंक सम्झनु पर्छ।

(थ) "सम्बन्धित कार्यालय" भन्नाले जिल्लास्थित कृषि विकास कार्यालय र पशु सेवा कार्यालय सम्झनु पर्छ।

(द) "ब्याज अनुदान" भन्नाले यस कार्यक्रम मार्फत कृषि उद्यमीलाई प्रदान गर्ने ब्याज अनुदान सम्झनु पर्छ।

## परिच्छेद-२
## ब्याज अनुदान

३. <u>ब्याज अनुदान उपलब्ध गराउने:</u> देहायका शर्तहरूको अधीनमा रही ब्याज अनुदान रकम उपलब्ध गराईनेछः-

(क) कृषि व्यवसायसँग सम्बन्धित वस्तुहरुको व्यावसायिक उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण तथा कृषि उपजको मूल्य अभिवृद्धि सम्बन्धी अनुसूची-१ मा उल्लेख भएका व्यवसाय हुनुपर्ने,

(ख) ब्याज अनुदान प्राप्त गर्नका लागि प्रचलित कानून बमोजिम फर्म दर्ता भएको हुनुपर्ने,

(ग) खण्ड (ख) बमोजिमको फर्म दफा ५ को खण्ड (ङ) बमोजिमको सूचना प्रकाशित हुनु भन्दा अगाडि दर्ता भएको हुनुपर्ने,

(घ) कृषि कर्जा बैंक तथा वित्तीय संस्था बाट लिएको हुनुपर्ने,

(ङ) ब्याज अनुदान सम्बन्धित बैंक तथा वित्तीय संस्था मार्फत उपलब्ध हुने,

(च) यस कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी कृषि कर्जा लिएको हुनपर्ने,

तर यस कार्यविधि बमोजिम सहुलियतपूर्ण कृषि कर्जा चुक्ता गरिसकेको अवस्थामा नयाँ कृषि कर्जा लिन बाधा पर्ने छैन।

४. <u>कर्जा प्रवाह गर्दा पालना गर्नुपर्ने शर्त:</u> यस कार्यविधि अनुसार कृषि कर्जा प्रवाह गर्दा बैंक तथा वित्तीय संस्थाले देहायका विषय अनिवार्य रुपमा पालना गर्नु पर्नेछः-

(क) कृषि कर्जा प्राप्त गर्ने कृषि उद्यमी प्रचलित कानून बमोजिम कालो सूचिमा नपरेको हुनुपर्ने,

(ख) कृषि व्यवसाय सञ्चालन गर्दा आफ्नै स्वामित्वको जग्गा नभएको अवस्थामा, अनुसूची-१ बमोजिम ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) अनुसार लिज करार गरी जग्गा लिएको हुनुपर्ने।

(ग) कृषि कर्जामा उपलब्ध गराइएको रकमबाट ऋणीले जग्गा खरिद, शेयर खरिद तथा अन्य लगानीमा प्रयोग गर्न पाउने छैन। जुन प्रयोजनका लागि कर्जा लिएको हो सोही बमोजिम लगानी गर्नुपर्ने,

(घ) कृषि कर्जा सम्बन्धी परियोजना बागमती प्रदेशमा हुनुपर्ने,

(ङ) उक्त परियोजनाको लागि अन्य सरकारी अनुदान तथा नेपाल सरकारको सहुलियतपूर्ण कर्जा कार्यक्रममा सहभागी नभएको हुनुपर्ने,

तर विगतमा सरकारी अनुदान प्राप्त गरेका वा सहुलियतपुर्ण कर्जा प्राप्त गरी दोहोरोपना नहुने गरी व्यवसायको थप विस्तार गर्न तथा अनुसूची -१ बमोजिमका विषयगत उद्यममा आवश्यक चालु कर्जा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाबाट ऋण स्वीकृत गरेको हकमा ब्याज अनुदान उपलब्ध गराउन बाधा पर्ने छैन।

## परिच्छेद-३
## बैंक तथा वित्तीय संस्था मार्फत लगानी हुने कृषि कर्जामा ब्याज अनुदान सम्बन्धी व्यवस्था

५. <u>ब्याज अनुदान उपलब्ध गराउने बैंक तथा वित्तीय संस्था छनोटः</u> बैंक तथा वित्तीय संस्थामार्फत लगानी हुने कृषि कर्जामा ब्याज अनुदानमा सहभागी हुने बैंक तथा वित्तीय संस्थाको छनोट देहाय बमोजिम हुनेछः-

(क) कृषि कर्जामा कृषि उद्यमीलाई ब्याज अनुदान उपलब्ध गराउन मन्त्रालयले बागमती प्रदेशमा कार्यरत बैंक तथा वित्तीय संस्थाबाट प्रस्ताव माग गर्न पन्ध्र दिनको सार्वजनिक सूचना आह्वान गर्नु पर्नेछ।

(ख) खण्ड (क) बमोजिमको समय भित्र ईच्छुक बैंक तथा वित्तीय संस्थाले अनुसूची-२ को ढाँचामा मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछ। बैंक तथा वित्तीय संस्थाले अधिकतम १% सेवा शुल्क लिन सक्नेछन्।

(ग) छनोट समितिले खण्ड (ख) बमोजिम पेश भएको प्रस्तावको सम्बन्धमा बैंक तथा वित्तीय संस्थाको कृषि कर्जा लगानी योजना, कर्जाको ब्याज दर, कर्जा लगानीको प्रस्तावित भौगोलिक क्षेत्र र वित्तीय अवस्थालाई आधार मानी उपयुक्त बैंक तथा वित्तीय संस्था छनोट गर्नु पर्नेछ।

तर प्रदेश भरको भौगोलिक क्षेत्रमा सहज ढंगले ब्याज अनुदान उपलब्ध गराउन एकभन्दा बढी बैंक तथा वित्तीय संस्था छनोट गर्न बाधा पर्ने छैन।

(घ) खण्ड (ग) बमोजिम छनोट भएको बैंक तथा वित्तीय संस्थासँग मन्त्रालयले अनुसूची-३ बमोजिम वार्षिक स्वीकृत बजेटको सीमा भित्र रही सम्झौता गर्नु पर्नेछ।

(ङ) मन्त्रालयले खण्ड (घ) बमोजिम सम्झौता गरेको बैंक तथा वित्तीय संस्थाको नाम, ठेगाना र कार्यक्षेत्र मन्त्रालयको वेभसाईटमा राखी सम्बन्धित कार्यालय र सरोकारवालालाई सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ।

(च) खण्ड (घ) बमोजिमको सम्झौतामा मन्त्रालय र सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सहमतिमा कार्यक्षेत्र थपघट गर्न सकिनेछ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

६. <u>कृषि कर्जा स्वीकृति प्रक्रियाः</u> बैंक तथा वित्तीय संस्था मार्फत लगानी हुने कृषि कर्जामा अनुदानको लागि कर्जाको स्वीकृति देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालय, निर्देशनालय र सम्बन्धित कार्यालयले ब्याज अनुदान कार्यक्रम सम्बन्धमा प्रचार प्रसार गर्नुका साथै आफ्नो कार्यक्षेत्रसँग सम्बद्ध विषयमा कृषि उद्यमीलाई आवश्यक परामर्श तथा व्यवसायिक योजना तयार गर्न सहयोग गर्नु पर्नेछ।

(ख) कृषि उद्यमीले अनुसूची-१ बमोजिम कृषि कर्जा प्राप्तिका लागि आफ्नो पायक पर्ने स्थानमा रहेको दफा ५ को खण्ड (ग) बमोजिमको बैंकसँग समन्वय गरी अनुसूची-४ बमोजिमको निवेदन र बैंक तथा वित्तीय संस्थाले माग गरे अनुसारको परियोजना प्रस्ताव समेत पेश गरी कृषि कर्जा स्वीकृतिको प्रक्रिया अघि बढाउनु पर्नेछ।

(ग) खण्ड (ख) बमोजिमको प्रक्रिया अगाडि बढाउँदा सम्बन्धित उद्यमीले बैंक तथा वित्तीय संस्थामा पेश गर्ने प्रयोजनका लागि प्राविधिक उपयुक्तताको सिफारिस प्राप्त गर्न सम्बन्धित कार्यालय समक्ष संक्षिप्त परियोजना प्रस्ताव सहित व्यवसाय दर्ता र जग्गा सम्बन्धी कागजात समावेश गरी निवेदन पेश गर्नु पर्नेछ।

(घ) खण्ड (ग) बमोजिमको निवेदन पेश भएपछि कार्यालयले जाँचबुझ गरी दश दिनभित्र प्राविधिक उपयुक्तताको सिफारिस दिनु पर्नेछ।

तर त्यस्तो सिफारिस दिन थप कागजात माग गर्नुपर्ने वा स्थलगत अनुगमन गर्नुपर्ने भएमा थप सात दिनको अवधिभित्र सिफारिस दिनु पर्नेछ।

(ङ) खण्ड (घ) बमोजिमको सिफारिस दिन नमिल्ने भए सोको आधार र कारण खुलाई सात दिन भित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ।

(च) बैंक तथा वित्तीय संस्थाले सम्बन्धित कार्यालयको प्राविधिक उपयुक्तताको सिफारिस प्राप्त भए पश्चात बढीमा एक महिना भित्र आफ्नो प्रक्रिया अनुसार कृषि कर्जा प्राप्त गर्न योग्य ऋणीहरु छनोटका लागि मन्त्रालयमा सिफारिश गर्नुपर्नेछ। स्वीकृत गरी स्वीकृत कर्जा रकम, कर्जा सम्झौता, बीमा र स्वीकृत परियोजना प्रस्ताव लगायत कर्जा सम्बन्धी कागजातको एक-एक प्रति जिल्ला स्थित सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(छ) बैंक तथा वित्तीय संस्थाको कर्जा स्वीकृति सम्बन्धी अन्य प्रक्रिया बैंक तथा वित्तीय संस्थाको नियमानुसार हुनेछ।

७. <u>कर्जाको सिमा, अवधि र शर्तः</u> कृषि कर्जाको सिमा, अवधि र शर्तहरू देहाय बमोजिम हुनेछन्:-

(क) बैंक तथा वित्तीय संस्था मार्फत लगानी हुने कृषि कर्जामा कृषि उद्यमीलाई अनुसूची -१ मा उल्लिखित विषयमा न्यूनतम ५ लाख रुपैंया देखि अधिकतम एक करोड रुपैंया सम्मको कृषि कर्जामा मात्र मन्त्रालयले ब्याज अनुदान उपलब्ध गराउन सक्नेछ।

(ख) बैंक तथा वित्तीय संस्था मार्फत लगानी हुने कर्जामा मन्त्रालयले उपलब्ध गराउने ब्याज अनुदानको अधिकतम अवधि अनुसूची १ मा भएको ब्याज अनुदान अधिकतम अवधि (वर्ष) अनुसार हुनेछ।

(ग) बैंक तथा वित्तीय संस्थाले अनुसूची-१ मा उल्लेख भए भन्दा लामो अवधि र बढी रकमको कर्जा स्वीकृत गर्न सक्नेछ।

तर मन्त्रालयले उपलब्ध गराउने ब्याज अनुदानको अधिकतम अवधि र कर्जाको सिमा ५ वर्ष भन्दा बढी हुने छैन।

८. <u>कृषि कर्जा भुक्तानी :</u> बैंक तथा वित्तीय संस्थाबाट स्वीकृत भएको कर्जाको भुक्तानी प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाले प्रतिफलको अवधि र जोखिमस्तर लगायतका आधारमा किस्ता भुक्तानी दर निर्धारण गर्न सक्नेछन्।

९. <u>ब्याज अनुदान दर:</u> बैंक तथा वित्तीय संस्था मार्फत लगानी हुने कृषि कर्जामा मन्त्रालयले ६ प्रतिशत ब्याज अनुदान उपलब्ध गराउनेछ।

तर कुनै बैंक तथा वित्तीय संस्थाको कृषि कर्जामा लाग्ने ब्याज दर छ प्रतिशतभन्दा कम कायम भएमा कायम ब्याज दर अनुसार ब्याज अनुदान उपलब्ध गराइनेछ।

१०. <u>कृषि कर्जाको ब्याज अनुदान भुक्तानी प्रक्रिया:</u> (१) कर्जाको ब्याज अनुदान प्राप्त गर्न बैंक तथा वित्तीय संस्थाले अनुसूची-५ बमोजिम अनुगमन गरी कर्जा उपयोगको आधारमा ऋणीले नियमानुसार भुक्तानी गर्नुपर्ने कर्जा रकम र ऋणीले तिर्नुपर्ने ब्याज रकम नियमित भुक्तानी गरेको प्रमाणित विवरण सहित त्रैमासिक रुपमा अनुसूची-६ र ७ बमोजिमको ढाँचामा मन्त्रालयमा भुक्तानीका लागि निवेदन दिनु पर्नेछ।

(२) बैंक तथा वित्तीय संस्थाले अनुसूची-७ बमोजिमको विवरणको एक प्रति सम्बन्धित कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ र सम्बन्धित कार्यालयले उक्त विवरण सम्बन्धित निर्देशनालयमा पठाउनु पर्नेछ।

(३) बैंक तथा वित्तीय संस्थाले कर्जा प्राप्त गरी सम्झौता बमोजिम कार्य सम्पादन नगर्ने कर्जा नियमित नभएका उद्यमीको विवरण अनुसूची-८ बमोजिमको ढाँचामा मन्त्रालय र सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ र मन्त्रालयले त्यस्ता ऋणीको थप कर्जा र ब्याज अनुदान रोक्का राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम ब्याज अनुदान रोक्का रहेका ऋणीले साँवा र ब्याज रकम भुक्तानी पुनःशुरु गरेको जानकारी सहित सम्बन्धित बैंक तथा वित्तीय संस्थाले मन्त्रालयमा ब्याज अनुदान निरन्तरताको लागि लेखी पठाएमा मन्त्रालयले ब्याज अनुदान निरन्तरता दिनु पर्नेछ।

तर ब्याज अनुदान निरन्तरताको लागि रोक्का राखिएको र निरन्तरताको लागि अनुरोध भएको समय एक वर्षभन्दा बढी रहने छैन।

(५) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन अनुसार मन्त्रालयले कागजात अध्ययन गरी त्रैमासिक रुपमा ब्याज अनुदान एकमुष्ट रुपमा बैंक तथा वित्तीय संस्थालाई भुक्तानी दिनु पर्नेछ।

तर कागजातमा कुनै किसिमको त्रुटि भएमा मन्त्रालय भुक्तानी दिन बाध्य हुने छैन।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

## परिच्छेद-४
## विविध

११. <u>निर्देशक समितिः</u> (१) ब्याज अनुदानको कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न देहाय बमोजिमको व्याज अनुदानको निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | संयोजक |
| (ख) | सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (घ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ङ) | प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| (च) | प्रतिनिधि, नेपाल राष्ट्र बैंक | सदस्य |
| (छ) | महाशाखा प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकारः निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) छनोट तथा अनुगमन समितिको सिफारिसका आधारमा बैंक तथा वित्तीय संस्था छनोट गर्ने,

(ख) कृषि ऋणमा ब्याज अनुदानको लागि विनियोजित रकमको परिचालन सम्बन्धी अनुगमन गर्ने,

(ग) कोषको प्रभावकारिता हेरी कोषमा आवश्यक रकम परिचालन व्यवस्थापन तथा अन्य नीतिगत विषयहरुमा कुनै समस्या भएमा मन्त्रालयलाई आवश्यक सुझाव तथा परामर्श दिने।

१२. <u>छनोट तथा अनुगमन समितिः</u> (१) कृषि सहुलियतपूर्ण कर्जा तथा ब्याजमा अनुदान कार्यक्रम सञ्चालनका लागि मन्त्रालयमा देहाय बमोजिमको छनोट तथा अनुगमन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश | अध्यक्ष |
| (ख) | निर्देशक, कृषि विकास निर्देशनालय | सदस्य |
| (ग) | निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशानलय | सदस्य |
| (घ) | महाशाखा प्रमुख, कृषि विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (ङ) | महाशाखा प्रमुख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (च) | प्रमुख, आर्थिक प्रशाशन शाखा, मन्त्रालय | सदस्य |
| (छ) | अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (ज) | अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (झ) | प्रतिनिधि, बैंक तथा वित्तीय संस्था | सदस्य |
| (ञ) | कानून अधिकृत, मन्त्रालय | सदस्य |
| (ट) | महाशाखा प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) छनोट तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्:-

(क) प्राप्त निवेदनका आधारमा कृषि कर्जामा ब्याज अनुदानका लागि कृषि कर्जा उपलब्ध गराउने बैंक तथा वित्तीय संस्थाहरु छनोटका लागि निर्देशक समितिमा सिफारिस गर्ने,

(ख) समय अवधि भित्र सूचना आव्हान गरे नगरेको तथा सूचना प्रकाशन प्रसारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,

(ग) छनोट भएका बैंक तथा वित्तीय संस्थाहरुको सिफारिसको आधारमा अनुदानग्राही छनोट गर्ने र सोको जानकारी बैंक तथा वित्तीय संस्था र सम्बन्धित कार्यालयहरुमा गराउने,

(घ) ब्याज अनुदान कार्यक्रमको अनुगमन गरी निर्देशक समिति समक्ष सुधारका लागि सुझाव उपलब्ध गराउने,

(ङ) ब्याज अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधिमा देखिएका समस्याका बारेमा सरोकारवालासँग छलफल गरी मन्त्रालयलाई सुझाव उपलब्ध गराउने

(च) यस कार्यविधिमा रहेका अनुसूची परिमार्जन तथा थपघट गर्न मन्त्रालयलाई सिफारिस गर्ने,

(छ) कृषि कर्जा उपलब्ध गराउने बैंक तथा बित्तीय संस्थालाई आवश्यक निर्देशन दिन मन्त्रालय मार्फत नेपाल राष्ट्र बैंकमा पठाउने विषय सिफारिस गर्ने,

(ज) कार्यक्रम सञ्चालन सम्बन्धमा अन्य आवश्यक निर्णय गर्ने।

(३) छनोट तथा अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

१३. **अनुगमनः** (१) सम्बन्धित कार्यालय र कृषि कर्जा उपलब्ध गराउने बैंक तथा वित्तीय संस्थाले यस कार्यक्रम अन्तर्गत परिचालन भएको कृषि कर्जा प्राप्त गर्ने ऋणीको आवश्यकता अनुसार आफै वा सम्बन्धित कार्यालयसँग संयुक्त स्थलगत अनुगमन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन सम्बन्धित कार्यालयले अर्धवार्षिक रुपमा निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

१४. **जानकारी गराउनु पर्नेः** बैंक तथा वित्तीय संस्थाहरुले आफुले प्रवाह गरेको कर्जाको अवस्थाको वारेमा उपलव्धी सूचक सहित सम्वन्धित कार्यालयको समन्वयमा त्रैमासिक रुपमा मन्त्रालयलाई प्रगति वुझाउनु पर्नेछ। प्रगतिको ढाँचा मन्त्रालयले तोके बमोजिम हुनेछ।

१५. **अनुसूची थपघट गर्न सक्नेः** यस कार्यविधिमा रहेका अनुसूचीमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा थपघट गर्न सक्नेछ।

१६. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१७. <u>**संशोधन वा खारेजीः**</u> प्रदेश सरकारले जुनसुकै बखत यो कार्यविधि संशोधन वा खारेज गर्न सक्नेछ। आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन गरिनेछ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(दफा ३ को खण्ड (क), दफा ४ को खण्ड (ङ), दफा ६ को खण्ड (ख), दफा ७ को खण्ड (क),
दफा ७ को खण्ड (ग) सँग सम्बन्धित)

## अनुसूची-१

## ब्याज अनुदानको लागि कृषि व्यवसाय र ब्याज अनुदान भुक्तानी अधिकतम अवधि

| सि.नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| १. | पशुपालन (गाई/भैंसी/चौरी/याक) | ५ |
| २. | पशुपालन (भेडा/बाख्रा/बँगुर) | ३ |
| ३. | माछापालन (पोखरी/भुरा उत्पादन/रेसवे निर्माण सहितको) | ५ |
| ४. | माछापालन (तयारी पोखरी/रेसवे भएको अवस्था) | ३ |
| ५. | कुखुरापालन (ब्रोइलर/लेयर्स) | ३ |
| ६. | कुखुरापालन (स्थानीय) | ३ |
| ७. | बिशिष्ट जातको पशुपन्छी (हाँस/कालिज/टर्की/बट्टाई आदि) | ३ |
| ८. | व्यावसायिक पशुपालन फार्महरुका लागि साईलेज/हे/हेलेज तयारी सम्बद्ध यन्त्र उपकरण तथा भण्डारण संरचना निर्माण | ५ |
| ९. | पशुपन्छी उपचार प्रयोगशाला उपकरण, कृत्तिम गर्भाधान उपकरण खरिद | ३ |
| १०. | पशुपन्छीजन्य उत्पादनको प्रशोधन, भण्डारण र बजारिकरण | ५ |
| ११. | डेरी उद्योग/माछा प्रशोधन/मासु प्रशोधन उद्यम स्थापना तथा सञ्चालन | ५ |
| १२. | माछामासु पसल सुधार तथा बिक्री केन्द्र स्थापना | ५ |
| १३. | पशुपन्छी/माछाको दाना उत्पादन | ५ |
| १४. | मौरी पालन, मह उत्पादन तथा प्रशोधन/व्यावसायिक किट उत्पादन तथा प्रशोधन | ३ |
| १५. | घाँसे बाली तथा बीउ उत्पादन | ३ |
| १६. | तरकारी खेती तथा बजारीकरण | ३ |
| १७. | फलफूल उत्पादन (हिउदे फलफूल/सुन्तला जात/आँप/किवी/सिउडी फल/लिची/अम्वा/एभोकाडो आदि) | ५ |
| १८. | फलफूल उत्पादन (भुइकटर/केरा/मेवा/स्ट्रवेरी आदि) | ३ |
| १९. | फलफूल नर्सरी स्थापना तथा सञ्चालन | ३ |
| २०. | पुष्प व्यवसाय/पुष्प नर्सरी स्थापना तथा सञ्चालन | ३ |
| २१. | खाद्यान्न बीउ उत्पादन | ३ |
| २२. | च्याउ उत्पादन तथा बजारीकरण | ३ |

| सि.नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अधिकतम अवधि (वर्ष) |
|---|---|---|
| २३. | उखु, कफी, चिया, अलैंची, अदुवा, बेसार, उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरण | ५ |
| २४. | सूर्यमुखी, तेलहन, दलहन, कोदो, जौ, फापर,गहत, मस्याङ्ग लगायत स्थानीय रैथानेबाली, अकबरे खुर्सानी उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरण | ३ |
| २५. | कृषि उपजको प्रशोधन, भण्डारण र बजारीकरण | ५ |
| २६. | प्राकृतिक रेशाजन्य बालीको खेती गरी रेशा प्रशोधन, भण्डारण र बजारीकरण | ३ |
| २७. | कृषि उपजहरुको उत्पादन र भण्डारणसँग सम्बन्धित व्यवसाय (भौतिक पूर्वाधार भएको) | ५ |
| २८. | प्राङ्गारिक/जैविक मल/जैविक विषादी उत्पादन तथा बजारीकरण | ५ |
| २९. | कृषि यन्त्र उपकरण औजार उत्पादन | ५ |

<u>द्रष्टव्यः</u> यस अनुसूचीको प्रयोजनको लागि "भौतिक पूर्वाधार" भन्नाले कृषि व्यवसायमा कम्तीमा तीन वर्षभन्दा बढी अवधि खप्ने कोल्ड स्टोर, रस्टिक स्टोर, फलामे ग्रीन हाउस, नेट हाउस, अन्य यस्तै प्रकृतिका कृषि सामग्री सम्झनु पर्छ। यस्ता भौतिक पूर्वाधारहरु निर्माण गर्दा प्रचलित ऐन कानुन अनुसार स्वीकृत मापदण्ड पालना गर्नुपर्नेछ।

मानतीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

(दफा ५ को खण्ड (ख) सँग सम्बन्धित)

अनुसूची- २

**<u>ब्याज अनुदान कार्यक्रममा सहभागी हुन बैंक तथा वित्तीय संस्थाले दिने प्रस्तावको ढाँचा</u>**

मितिः

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
बागमती प्रदेश, हेटौंडा।

विषयः ब्याज अनुदान कार्यक्रममा सहभागीता सम्बन्धमा।

महाशय,

उपर्युक्त सम्बन्धमा बागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जारी गरेको "कृषि सहुलियतपूर्ण कर्जा (ब्याज अनुदान) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" बमोजिम बैंक तथा वित्तीय संस्था मार्फत ब्याज अनुदान कार्यक्रममा सहभागीताका लागि तपसिलका कागजात एवम् विवरण सहित यो निवेदन पेश गरिएको छ।

<u>निवेदक</u>

बैंक तथा वित्तीय संस्थाको नामः
ठेगानाः
सम्पर्क टेलिफोन नं.:
अधिकार प्राप्त अधिकारीको नाम र हस्ताक्षरः कार्यालयको छापः

**पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः**

(क) प्रवाह हुने कृषि कर्जामा लाग्ने ब्याज दर,
(ख) बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरु भएका स्थानीय तहमा सेवा प्रवाह गरेका कार्यालय संख्या वा बागमती प्रदेशमा रहेका शाखा कार्यालयको संख्या, नाम र ठेगाना,
(ग) कृषि कर्जा परिचालन गर्न प्रस्ताव गरेका बागमती प्रदेशका जिल्ला र स्थानीय तहहरु,
(घ) चालु आ.ब.............................मा परिचालन गर्न सक्ने कर्जाको अनुमानित रकम....................रुपैंया,
(ङ) अन्य।

Sudeep

Binod

माननीय प्रकाश श्रेष्ठ मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(दफा ५ को खण्ड (घ) सँग सम्बन्धित)

## अनुसूची- ३

## मन्त्रालय र बैंक तथा वित्तीय संस्थाबीच हुने सम्झौतामा उल्लेख हुनुपर्ने विषयहरु

१. सम्झौताको पृष्ठभूमिः
२. सम्झौताका पक्षहरुः
३. कृषि कर्जामा लगानी भएको कर्जामा मात्र ब्याज अनुदान उपलब्ध गराउने विषयः
४. ऋणी सदस्य छनोट गर्ने जिम्मेवारी बैंक तथा संस्थाको नियमानुसार गर्ने विषयः
५. कर्जा असुल नभएमा बैंक तथा वित्तीय संस्था जिम्मेवार हुने विषयः
६. ब्याज अनुदान वापतको रकम सोधभर्ना लिने अवधि सम्बन्धीः
७. कार्यविधि र सम्झौताका शर्त बमोजिम नभएमा सम्झौता भङ्ग हुने विषयः
८. एक आर्थिक वर्षमा अधिकतम परिचालन हुने कर्जाको सिमा रकमः
९. कर्जा परिचालन गर्ने जिल्ला, स्थानीय तह सम्बन्धी विषयः
१०. सम्झौता अवधि र सम्झौता नवीकरण तथा सम्झौता खारेजी सम्बन्धि विषयः

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(दफा ६ को खण्ड (ख) सँग सम्बन्धित)

अनुसूची- ४

## अनुदान लिन चाहने व्यक्ति/फर्म/कम्पनी/सहकारी संस्थाले बैंक तथा वित्तीय संस्थामा दिने निवेदनको ढाँचा

मितिः

श्री................... बैंक/वित्तीय संस्था

...............................।

विषयः ब्याज अनुदान सहितको .............................कर्जा बारे।

महाशय,

उपर्युक्त सम्बन्धमा बागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जारी गरेको "कृषि सहुलियतपूर्ण कर्जा, (ब्याज अनुदान) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" बमोजिम ब्याज अनुदानमा कर्जा उपभोग गर्नका लागि मलाई/मेरो (फर्म/कम्पनी/संस्था) ..............लाई ...........प्रयोजनका लागि कर्जा प्रदान हुन यो निवेदन पेश गरेको छु। साथै, त्यस बैंक/वित्तीय संस्थाले तोकेका कागजात तथा विवरण समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेका छु/छौं। मैले प्रचलित कानून, अनुसार नेपाल राष्ट्र बैंकबाट जारी गरिएको नियमन, निर्देशन र परिपत्र तथा बैंक/वित्तीय संस्थाबाट तोकिएको शर्तहरुको अधीनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको साँवा तथा ब्याज समयमै भुक्तानी गर्नेछु।

नामः

ठेगानाः

सम्पर्क टेलिफोन नं.

फर्म तथा कम्पनी तथा संस्था तथा उद्योगको

नामः

छापः

ठेगानाः

सम्पर्क टेलिफोन नं.:

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

## अनुसूची-५

## बैंक तथा वित्तीय संस्था मार्फत सञ्चालित ब्याज अनुदान कार्यक्रमको अनुगमन प्रतिवेदनको ढाँचा

सम्बन्धित कार्यालयबाट ऋणिहरुको १-४ सम्मको विवरण अनुसार अनुगमन गरी ५ अनुसारको विवरण तयार गरी मन्त्रालयमा ब्याज अनुदान भुक्तानीका लागि सिफारिस गर्नुपर्नेछ।

### १.ऋणीको विवरणः

| | | | |
|---|---|---|---|
| नामः | | ठेगानाः | |
| व्यवसायको नामः | | सम्पर्क नम्वरः | |
| कर्जा प्रवाह गर्ने बैंक/ वित्तीय संस्थाः | | कर्जाको परिमाण रकम रुः | |
| कर्जा प्राप्त मितिः | | साँवा र ब्याज भुक्तानी अन्तिम मितिः | |
| कर्जा चुक्ता गर्ने अवधिः | | त्रैमासिक किस्ता (ब्याज र साँवा समेत): | |
| हाल सम्म चुक्ता रकमः | | | |

### २. व्यवसायको विवरण र प्रगति अवस्थाः

| | |
|---|---|
| व्यवसायको नामः | |
| फर्ममा उत्पादन हुने कृषि तथा पशुपन्छीजन्य उत्पादन तथा उपजको विवरणः | |
| फर्ममा कार्यरत मौसमी कर्मचारी संख्याः | |
| फर्ममा स्थायी कर्मचारी संख्याः | |
| फर्ममा उत्पादित कृषि उपजको बिक्रिबाट प्राप्त मासिक आम्दानी रु. | |
| व्यवसायको बीमा गरेको कम्पनीको नाम र बीमा गरेको मितिः | |
| स्वीकृत परियोजना अनुरुप काम भए तथा नभएकोः | |

बागमती प्रदेश ...
कृषि तथा पशुपन्छी विकास ...
हेटौंडा, नेपाल

## ३.व्यवसायको ऋण लगानी विवरणः

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | पूजिगत खर्चहरु | | | | | |
| क्र.सं. | भौतिक पुर्वाधारहरु तथा यन्त्र उपकरण तथा औजारहरु | नयाँ निर्माण वा मर्मत | संख्या | लागत रु | लागत खुल्ने कागजपत्रहरु | कैफियत |
| | | | | | | |
| | | | | | | |
| ख | चालु खर्च (व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने वीउ/मल/पशु नश्ल/विषादी/दाना/श्रमिक खर्च/बिजुली/ पानीआदि लगायतका निरन्तर चाहिने सामग्रीहरु) | | | | | |
| क्र.सं. | सामानहरुको विवरण | संख्या तथा परिमाण | लागत खर्च रु | लागत खुल्ने कागजपत्रहरु | प्रयोग भएका सामानहरुको खरिद स्थल वा बजार | कैफियत |
| | | | | | | |
| | | | | | | |

## ४. व्यवसायको प्रगति अवस्थाः

| | |
|---|---|
| परियोजनाको अवस्थाः | |
| सावाँ र ब्याज तिरे/नतिरेको अवस्था (तिरेको कागजपत्र हेर्ने) | |
| फर्मको समग्र अवस्थाः | |
| ऋणको सदुपयोग भएको/नभएकोः | |
| ब्याज अनुदान भुक्तानीको लागि योग्य भएको/नभएको | |
| सुधारको लागि गर्नुपर्ने कार्यहरु | |

माथि उल्लिखित विवरण ठीक छ भनि सहिछाप गर्ने व्यवसायीको नाम, हस्ताक्षर र मिति

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, मकवानपुर

## ५. ब्याज अनुदान प्राप्त गर्न योग्य तथा अयोग्य को एकमुस्ट विवरण

| क.सं | ऋणीको नाम र ठेगाना | कर्जा उपलब्ध गराएको विपय | कर्जा अवधि | कर्जाको परिमाण रु | ब्याज अनुदान प्राप्त गर्न योग्य कर्जा रकम रु | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा रु | कायम भएको ब्याजदर | हाल सम्म ऋणीवाट असुल भएको साँवा ब्याज रकम रु | यस त्रैमासिकमा ऋणीवाट प्राप्त ब्याज रकम रु | ब्याज अनुदान रकम रु | ब्याज अनुदानका लागि योग्य/अयोग्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | |

अनुगमनकर्ताः
नाम
पदः
हस्ताक्षरः
बैक/वित्त बैंक/वित्तीय संस्थाः
मितिः

अनुगमनकर्ताः
नाम
पदः
हस्ताक्षरः
बैक/वित्त बैंक/वित्तीय संस्थाः
मिति

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

अनुसूची-६

**ब्याजमा अनुदान भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाले मन्त्रालयमा पेश गर्ने निवेदनको ढाँचा**

मितिः

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
बागमती प्रदेश, हेटौंडा।

विषयः ब्याज अनुदान रकम भुक्तानी सम्बन्धमा।

महाशय,

यस बैंक/वित्तीय संस्थाले "कृषि सहुलियतपूर्ण कर्जा (ब्याज अनुदान) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" बमोजिम प्रवाह गरेको सम्पूर्ण कर्जामा यसैसाथ संलग्न विवरण बमोजिमका ऋणीहरुले अनुदान पाउने बाहेकको ब्याज रकम जम्मा गरेकोले उक्त कर्जाहरुमा मिति २०................साल....................महिना देखि मिति २०...........साल ................सम्मको प्रथम/दित्तीय/तृतिय/चौथो त्रैमासिकको पाउने ब्याज अनुदान वापतको रकम कुल रु ..........................(अक्षरुपी.......................................) यस बैंक/वित्तीय संस्थाको खाता नं. ........................... मा जम्मा हुने गरी उपलब्ध गराई दिन हुन अनुरोध गर्दछौं। साथै उपरोक्त अवधिमा सम्बन्धित ऋणीहरुबाट ब्याज वापत रकम रु .......................... (अक्षरुपी .............................) असुल उपर भईसकेको व्यहोरा समेत अनुरोध छ।

बैंक/वित्तीय संस्थाको नामः
व्यवस्थापकको नामः
दस्तखतः
मितिः
छापः

(दफा १० को उपदफा (१), दफा १० को उपदफा (२) सँग सम्बन्धित)

अनुसूची-७

**<u>ब्याज अनुदान भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाले मन्त्रालय वा कार्यालयमा पेश गर्ने कर्जाको ऋणीहरुको विस्तृत विवरण ढाँचा</u>**

मितिः

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
बागमती प्रदेश, हेटौंडा।

विषयः ब्याजमा अनुदान प्रदान गरिएको ............... कर्जाको ............ त्रैमासिक विवरण।

महाशय,

"कृषि सहुलियतपूर्ण कर्जा, (ब्याज अनुदान) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" बमोजिम प्रवाह भएको ................................ कर्जाको त्रैमासिकको विवरण देहाय बमोजिम रहेको छ।

**ब्याज अनुदान शोधभर्ना पाउनु पर्ने कर्जाको विवरण**

| क्रसं. | ऋणीको नाम र ठेगाना | कर्जा उपलब्ध गराएको विषय | कर्जा अवधि | कर्जाको परिमाण रु | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा (रु) | कायम भएको ब्याजदर | हाल सम्म ऋणीबाट असुल भएको साँवा ब्याज रकम (रु) | यस त्रैमासिकमा ऋणीबाट प्राप्त ब्याज रकम रु | यस अवधिको ब्याज अनुदान रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

ब्याज अनुदानबापतको पाउनुपर्ने जम्मा रकम रु. ...................... अक्षरुपी ..........................

बैंक/वित्तीय संस्थाको नामः

व्यवस्थापकको नामः

दस्तखतः

मितिः

छापः

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

## अनुसूची-८

## बैंक तथा वित्तीय संस्थाले नियमित नभएका कर्जाको ऋणीको विवरण पेश गर्ने ढाँचा

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

मितिः

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
बागमती प्रदेश, हेटौंडा।

विषयः ब्याजमा अनुदान अन्तर्गत प्रवाह भई नियमित नभएका.............. कर्जाको ........... त्रैमासिक विवरण।

महाशय,

"कृषि सहुलियतपूर्ण कर्जा, (ब्याज अनुदान) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" बमोजिम प्रवाह भई नियमित नभएका ................................ कर्जाको त्रैमासिक विवरण देहाय बमोजिम रहेको छ।

**नियमित नभएका कर्जाको विवरण**

| क.स. | ऋणीको नाम | कर्जा प्रवाह मिति | कर्जाको अन्तिम भुक्तानी मिति | बाँकी कर्जा (रु) | कायम भएको ब्याजदर | यस अवधिमा ऋणीबाट असुल भएको ब्याज रकम (रु) | ब्याज अनुदानको अनुमानित रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | | |

असुल हुन बाँकी जम्मा साँवा ब्याज रकम रु ...................... अक्षरुपी ............................

बैंक/वित्तीय संस्थाको नामः
व्यवस्थापकको नामः
दस्तखतः
मितिः
छापः

माननीय प्रकाश श्रेष्ठ मन्त्री